**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २२ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले अरुणाचल प्रदेशको ईटानगरमा विभिन्न विकास कार्यहरूको शिलान्यास र उद्घाटन गर्नुभयो।

२. देशमा वस्तु एवं सेवा कर (जीएसटी) का नयाँ दरहरू आजदेखि लागू भएको छ।

३. मुख्यमन्त्री ममता ब्यनर्जीले शारदीय नवरात्रको अवसरमा शुभकामना वक्त गर्नुभयो

४. प्रकृति संरक्षण र सफा अनि हरियो कालेबुङ निर्माण गर्ने उद्देश्यका साथमा आज वातावरण संरक्षण कार्यक्रम सम्पन्न गरियो।

५. दुर्गा पूजा पूर्व मौसम विभागले पानी पर्ने आशंका व्यक्त गरेको छ।

**प्रधानमंत्री दिवस अरुणाचल**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज अरूणाचल प्रदेशमा पाँच हजार एक सय करोड रुपैयाँभन्दा अधिकको पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुभयो। यसले ऊर्जा र क्षेत्रीय विकासमा राज्यको बढ्दो भूमिकालाई प्रकाश पारेको छ। पछि ईटानगरको इन्दिरा गान्धी पार्कमा एक जनसभालाई सम्बोधन गर्दै प्रधान मन्त्रीले भन्नुभयो भारतले २०३० सम्ममा सौर, वायु र जलविद्युत परियोजनाहरूमार्फत गैर-परम्परागत स्रोतहरूबाट ५०० गिगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखेको छ। जि.एस.टी. सुधारको बारेमा बोल्दै प्रधान मन्त्रीले भन्नुभयो, यस सुधारको सबैभन्दा ठूलो लाभार्थी महिलाहरू हुनेछन्। यी सुधारहरूले मासिक घरेलू खर्च घटाउनेछ र बचत बढाउनेछ। श्री मोदीले जि.एस.टी. बचत उत्सवलाई देशभरिका परिवारहरूका लागि एउटा महत्त्वपूर्ण पहल भएको बताउनुभयो।

**जीएसटी**

देशमा वस्तु एवं सेवा कर (जीएसटी) का नयाँ दरहरू आजदेखि लागू भएको छ। नवरात्रिको पहिलो दिनदेखि लागू यी दरहरूमा मुख्य रूपमा अब 5 प्रतिशत र 18 प्रतिशतका दुई श्रेणी छन्। सिगरेट, तम्बाकू र अन्य सम्बन्धित वस्तुहरूलाई छोड़ेर नयाँ कर दरहरू आजदेखि प्रभावी भएको छ। यसबाट हरेक आयु वर्ग र हरेक समुदायका मानिसहरूले ठूलो राहत पाएका छन्। भान्सामा प्रयोग गरिने समानदेखि लिएर इलेक्ट्रोनिक्स, दवाईहरू र उपकरणहरू र वाहनहरू समेत लगभग 400 वस्तुहरू सस्तो भएका छन्। दैनिक आवश्यकताहरूको समान बनाउने प्रमुख कम्पनीहरूले जीएसटी कटौतीको लाभ उपभोक्ताहरूलाई दिन आफ्नो उत्पादहरूको दरहरूमा कटौती गरेका छन्। यसैबीच प्रधानमन्त्री नरेनद्र मोदीले स्वदेशी वस्तुहरूलाई प्रोत्साहन दिन सबैलाई अनुरोध गर्नुभएको छ। श्री मोदीले भन्नुभयो भावी पीढ़ीको जीएसटी सुधार भारतको वृद्धि गाथालाई गति दिनेछ। कारोबारी सुगमतालाई बढ़ाउनेछ र अधिक निवेशकहरूलाई आकर्षित गर्नेछ।
देशमा सर्वप्रथम जीएसटीको चार स्ल्याब- 5 प्रतिशत, 12 प्रतिशत, 18 प्रतिशत र 28 प्रतिशत लागू थियो। सरकारले 12 प्रतिशतको 99 प्रतिशत समानलाई 5 प्रतिशतमा र 28 प्रतिशतको 90 प्रतिशत समानहरुलाई 18 प्रतिशतमा राखेको छ। यसबाट आम जनसाधारणलाई हरेक महिना केही राहत हुनेछ। आज साबुन, पाउडर, कफी, डायपर, बिस्किट, घिउँ र तेल जस्ता दैनिक आवश्यकताका समानहरू सस्तो भएको छ। पनीर, मक्खन, नमकीन, जाम, केच-अप, सूखा मेवा, कफी र आइसक्रीम जस्ता चीजहरूमा अब ट्याक्स कम लाग्नेछ। ग्लूकोमीटर, डायग्नोस्टिक किट्स र अधिकतर दवाईहरूमा जीएसटी केवल पाँच प्रतिशत

भएको छ। पहिलो यी 12 वा 18 प्रतिशतको स्ल्याबमा थिए। सीमेन्टमा जीएसटी दर अब 28 प्रतिशतदेखि घटेर 18 प्रतिशत गरिएको छ। यस्तै टीवी, एसी, फ्रिज, वशिंग मशीन जस्ता चीजहरूमा पनि ट्याक्स कम भएको छ। साना कारहरूमा अब 18 प्रतिशत र ठूला गाड़ीहरूमा 28 प्रतिशत जीएसटी लाग्नेछ। जीएसटी कटौतीपछि अब कूल ट्याक्स घटेर लगभग 40 प्रतिशत भएको छ। सैलून, फिटनेस क्लब, हेल्थ स्पा जस्ता सेवाहरूमा जीएसटी 18 देखि घटाएर 5 प्रतिशत गरिएको छ। हेयर ओयल, साबुन, शेम्पू, टूथब्रश, टूथपेस्ट, टैल्कम पाउडर, शेविंग क्रीम, आफ्टरशेव लोशन जस्ता चीजहरूमा अक बेवल 5 प्रतिशत जीएसटी लाग्नेछ।

**जीएसटि**

खानेकुराहरूमा जीएसटि दर ५ प्रतिशत र केही वस्तुमा शुन्य भएकोले राशनको सरसामान सस्तो हुनेछ। यसले दार्जीलिङ पहाड़ आउने पर्यटकहरूको रेस्टुरेन्ट खर्च कम हुनेछ। यसले होटल उध्योग विशेष गरी हाम स्टेहरूलाई निकै लाभ मिल्नेछ। कारण पर्यटकहरूको संख्या पनि बढ़नेछ। यो मन्तव्य दार्जीलिङ पहाड़मा होम स्टेको जन्मदाता तथा समाजसेवी विक्रम राईले भन्नुभएको छ।

बाईट - विक्रम राई

**शारदीय नवरात्र**

मुख्यमन्त्री ममता ब्यनर्जीले शारदीय नवरात्रको अवसरमा शुभकामना दिँदै आफूद्वारा लेखिएका तथा स्वरबद्ध गरिएको नयाँ पूजा गीत सार्वजनिक गर्नुभयो। एक सोसियल मिडिया पोस्टमा मुख्यमन्त्रीले शरद ऋतुको नीलो आकाशमा माँ दुर्गाको आगमन भइरहेको बताउनु भयो भने यो पर्वले समाजमा शान्ति, समृद्धि तथा भाइचारालाई सुदृढ़ बनाउने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो नवरात्रि धार्मिक आस्थाको पर्व मात्र होइन, स्त्री शक्तिको सम्मान र सत्यमाथि असत्यको विजयको प्रतीक पनि हो। नवरात्रि नौ दिनसम्म देवी दुर्गाको आराधना गर्ने पर्व हो, यस वर्ष 22 सेप्टेम्बरदेखि आगामी 2 अक्टोबरसम्म मनाइनेछ। यस अवधि देशभरि नै शक्तिको उपासना, व्रत-उपवास, गरबा औ सांस्कृतिक कार्यक्रमहरूको आयोजन हुन्छ। प्रत्येक वर्ष नै यहाँ बंगाल तथा देश मात्र नभएर दुनियाँभरिका मानिसहरू दुर्गा प्रतिमाको दर्शन गर्नका लागि आउने गर्दछन्।

**टिस्टा बाढ पीडित**

२०२३ सालको टिस्टा बाढ पीडितहरुको निम्ति टिस्टा तारखोला अनि रम्पुमा छ- छ जना पीडितहरूलाई दार्जिलिंगका सांसद राजु बिष्टको निजी प्रयासमा पुनर्वासको निम्ति घरको शिलान्यास गरिएको छ। विशेष गरेर टिस्टा बजारमा दुई जना दिव्याङ्क परिवारको निम्ति घरको शिलान्यास गरिएको छ भने तारखोलामा दुई परिवार अनि रम्फुमा दुई अति आवश्यक परिवारलाई घर निर्माणको निम्ति भुमि पुजन गरिएको हो। विशेष गरेर विगत वर्ष सांसद राजु बिष्टले भ्रमणको क्रममा निजी कोषबाट भए पनि घर बनाइदिने आश्वासन दिएका थिए। यसलाई पूरा गर्दै उनले निजी कोषबाट उक्त घर निर्माण गर्न लागेको बताइएको छ।

**भाजपा**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउ- 2026 पूर्व भारतीय जनता पार्टी (भाजपा)-ले राज्यभरि नै संगठनलाई सुदृढ़ बनाउने ठूलो रणनीति अन्तर्गत कार्य शुरू गरेको छ। पार्टीले सबै 294 वटा विधानसभा क्षेत्रहरूमा 'विस्तारक' नियुक्त गर्ने प्रक्रियालाई तीव्रता दिरहेको छ। प्रदेश भाजपा नेताहरू अनुसार यो प्रक्रियालाई यसै महिनाको अन्तसम्ममा पूर्ण गरिनेछ। शुरूआती प्रशिक्षण पश्चात विस्तारकहरूलाई आ-आफ्नो क्षेत्रमा खटाइने छ। भाजपा राज्य समितिका एक जना सदस्यले बताए अनुसार, प्रारम्भिक सूचीमा लगभग 5 सय जनाको नाम सामेल गरिएको छ जसमध्येबाट 294 वटा विधानसभा क्षेत्रको लागि अन्तिम चयन गरिनेछ। यसमा कतिजना यस्ता मानिसहरू पनि छन् जसले पहिला पनि विस्तारकको रूपमा काम गरिसकेका छन् भने कतिजना नयाँ अनुहारहरू छन्। यसबाहेक पार्टीले विस्तारकहरूको लागि योग्यता पनि तय गरेको छ। चयनित कार्यकर्ता सम्बन्धित विधानसभा क्षेत्रको मतदाता हुन आवश्यक छ। साथै उसलाई त्यस क्षेत्रको सामाजिक, भौगोलिक एवं राजनीतिक स्थितिको गहिरो ज्ञान हुनुपर्छ।

**वातावरण संरक्षण**

प्रकृति संरक्षण र सफा अनि हरियो कालेबुङ निर्माण गर्ने उद्देश्यका साथ आज जन गोर्खाद्वारा कालेबुङ टाउन हलमा वातावरण संरक्षण कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टी. (IAS), कालेबुङ विधायक रूदेन लेप्चा, कालेबुङ नगरपालिकाका अध्यक्ष रवि प्रधान, वन विभागका डी एफ ओ सेंट जोसेफ कन्भेन्ट स्कुलका प्रिन्सिपल, बिक्रम फाउन्डेशनका बिक्रम राई, साथै विभिन्न संघ–संस्था, विद्यालयका शिक्षक–विद्यार्थी तथा अन्य मानिसहरूको उपस्थिति रहेको थियो।

## मिरिक

मिरिकका सक्रिय पत्रकारहरूको संगठन रिपोटर्स कल्ब अफ मिरिकले क्लब गठनको पाँचौ स्थापना दिवस साथै मिरिक गौरव सम्मान कार्यक्रमको आयोजना सफलतापूर्वक  गरेको छ।क्लबका मुख्य संरक्षक एसबी गजमेरको अध्यक्षता अनि सचिव प्रवेश हाङखिमले संचालन गरेको कार्यक्रममा  मिरिक साहित्य  सुनौ परिवारका अध्यक्ष  अमर दुङमाली प्रमुख अतिथि थिए।मिरिका विभिन्न  संघ संस्थाका प्रतिनिधि  अनि साहित्यकारहरूको उपस्थितिमा  भएको कार्यक्रममा   थर्बु चियाकमानका डाक्टर अरूप कुमार दास,मिरिक अदालतका पहिलो अधिवक्ता  सूरज घिसिङ,घर घर लाहुरेका निर्देशक अवकाशप्राप्त  हनेरी कप्तान सुनिल तामाङ ,रोगीहरूलाई अस्पताल  लान ल्याँउन सहयोग गरिरहने बिजेन्द्र सेवा,भलिबल  खेलाडी अनि मिरिक ब्यावसाय संगठनका अध्यक्ष  सेवान राई,समाजिक युवा कार्यकर्ता मनोज नामदुङ,पशु प्राणीको उपचारमा चौवीस घण्टा सक्रिय रहने पवन छेत्री अनि लेखिका कविता राई गाँउलेलाई सम्मानित  गरियो। सोही अवसरमा मिरिका महिलाहरूको समाजिक संस्था पारिजात संघ,समाजिक कार्यकर्ता मनोज प्रसाई;शिक्षारत्न पुरस्कारले सम्मानित  शिक्षक निर्मल सिङ्गर,युवा पर्यटन ब्यावसायी छेवाङ तामाङ  अनि मिरिक साहित्य  सुनौ परिवारका अध्यक्ष  अमर दुङमालीलाई पनि क्लबको पक्षबाट स्मृति चिन्ह प्रदान गरि सम्मान गरियो ।

## जनजागरण दिवस

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले यस दिनलाई गोर्खाल्याण्ड जनजागरण दिवसको रूपमा पालन गरेको छ टिस्टा भेल्ली सजनी डाँडामा अवस्थित दुर्गा मन्दिरमा पुजा आर्चनाको साथमा आयोजित कार्यक्रममा गोरामुमो अध्यक्ष मन घिसिङ लगायत पार्टी समर्थकहरुको बिशेष उपस्थिति थियो। कार्यक्रममा बोल्दै अध्यक्ष मन घिसिङले संस्थापक अध्यक्ष सुबास घिसिङले आजको दिन यहाँ पुजा आर्चना गरेर गोर्खाल्याण्ड प्राप्तिको निम्ति पुजा आर्चना गरेका बताउदै लक्ष्यमा अडिग रहेको बताउनु भयो भने जाति र माटोको उन्मुक्तिको निम्ति गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले निरन्तर कार्य गरिरहेको बताउनु भयो ।

## मजुवामा सार्वजनिक भवन उद्घाटन

हिजो खरसाङ २८ नम्बर चिम्नी-देउराली समष्टि अन्तर्गत मजुवामा सार्वजनिक भवन उद्घाटन तथा मोहन मजुवा प्राथमिक विद्यालयको शौचालय शिलान्यास समष्टि सभासद श्याम शेर्पाले गर्नुभयो। कार्यक्रममा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अध्यक्ष तथा जीटीए कार्यकारी प्रमुख अनित थापा प्रमुख रुपमा उपस्थित थिए यस अवसरमा टुङ-सन्त मेरीज समष्टि सभासद नुरी शेर्पा, विद्युत विभागका सुरज थापा, नारी शक्ति सभानेत्री सुष्मा मुखिया, पञ्चायत समिति दिनेश तामाङ, सदस्य सिमा थापा, दिपेश थापा र सारदा थापा, बीसीडब्लु र टीडी अभियन्ता शिव गुरुङ र प्रवेश गुरुङ, समष्टि कार्यवाहक सचिव प्रेम बम्जन लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू उपस्थित थिए।

## गर्ल्स फुटबल टुर्नामेन्ट

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा आजदेखि स्व एलटी सिंह सार्की र स्व सुकमाया सार्की मेमोरियल ओपेन गर्ल्स फुटबल टुर्नामेन्ट शुरु भएको छ। स्थानीय डब्ल्युबीएनभीएफ खेल मैदानमा आयोजना भईरहेको यस ओपन गर्ल्स फुटबल टुर्नामेन्टको पहिलो  म्याच जेआर 32 खरसाङ र खरसाङ गर्ल्स फुटबल एकाडेमीमाझ सम्पन्न भएको छ। जसमा जेआर 32 को तर्फबाट जर्सी नम्बर 9 शबनम राईको ह्याट्रिकसहित 4 गोलको दममा सजिलै जीत हाँसिल गरेको छ। यस्तै दोस्रो खेल  मिलनमोड फुटबल एकाडेमी र खरसाङ फुटबल एकाडेमीमाझ सम्पन्न भएको छ। जसमा मिलनमोड फुटबल एकाडमीले यो खेल 6-1 को

अन्तरले सजिलै जितेर सेमी फाइनलमा प्रवेश गरेको छ। आजको म्याचमा अतिथिको रुपमा डब्ल्युबीएनभीएफको प्रशासन अफिसर सुजयकुमार बर्मन, खरसाङ महकुमा खेलकूद संघको सभापति मोहन योञ्जन र मुख्य संरक्षक टीटी लामा उपस्थित रहेका थिए।

**मौसम**

दुर्गा पूजा पूर्व मौसम विभागले पानी पर्ने आशंका व्यक्त गरेको छ। विभागानुसार उत्तर अण्डमान सागर र म्यान्मार तटवर्ती क्षेत्रमा चक्रवाती दबाव उत्पन्न भएको छ जुन उत्तर र उत्तर-पश्चिम तर्फ बढ्दै सोमवारसम्म उत्तर बंगालको खाड़ीसम्म पुग्नेछ। मौसम विभागका वरिष्ठ अधिकारीका अनुसार, यसको फलस्वरूप दुर्गा पूजाको शुरूआतमै पानी पर्ने आशंका छ। विशेष तटीय क्षेत्रहरूमा घना वर्षा हुनसक्छ। यदि स्थिति यस्तै कायम रह्यो भने आगामी 30 सेप्टेम्बरदेखि 2 अक्टोबरसम्म अर्तांथ अष्टमीदेखि दशमीसम्ममा वर्षाको रूप अझ तीव्र हुने सम्भावना व्यक्त गरिएको छ।

*********